# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, भदौ ३ गते २०३१ साल [संख्या १९

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

### निजामती सेवा ( एघारौं संशोधन ) नियमावली, ०३१

निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएकोलाई) संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः–(१) यी नियमहरूको नाम "निजामती सेवा (एघारौं संशोधन) नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावली २०३१ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको परिच्छेद ५ को नियम २ मा संशोधनः– (१) मूल नियमावलीको परिच्छेद ५ को नियम २ को उप–नियम (१) मा रहेको १५ दिनमा नबढाई भन्ने अंक र शब्दहरूको सट्टा "८ दिनमा नबढाई" भन्ने अंक राखिएको छ।

(२) मूल नियमावलीको परिच्छेद ५ को नियम २ को उप–नियम (२) को खण्ड (क) खारेज गरिएको छ ।

**मूल नियमावलीको परिच्छेद ५ को नियम ३ मा संशोधनः–** मूल नियमावलीको परिच्छेद ५ को नियम ३ को उप–नियम (२) को सट्टा देहायको उप–नियम (२) राखिएको छः–

(२) घर बिदा बढीमा १२० दिनसम्म संचित गरी राख्न सकिनेछ।

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।